# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## बरेङ गाउँपालिका

### बागलुङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## बरेङ गाउँपालिका

बागलुङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## बरेङ गाउँपालिका

बागलुङ

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८।७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ। आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)
महालेखापरीक्षक

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय गण्डकी

पत्र संख्याः २०७८।७९
च.नं. ४२

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
वरेङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
बाग्लुङ्ग।

**कैफियत सहितको राय**

हामीले वरेङ गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. १ करोड ८२ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु. ९३ हजार फर्स्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १० लाख ९७ हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रू. ८८ लाख ९२ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. ४ करोड ७६ लाख ५४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ५ करोड ७६ लाख ४० हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्कको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

जयराम घिमिरे
नायब महालेखापरीक्षक

१.  चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

रकम रु. हजारमा

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| २९ | १० | १००८२ | ० | ३ | ९३ | २९ | ७ | ९९८९ | १०९७ | ० | ८८९२ | ० | ० | ८८९२ | ० |

१.२. प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्रसं. | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | २१२. | छात्रवृति वितरण गरेको भर्पाइ नपुग भएको असुल भई आएको | ४२७०० |
| २ | १५२. | परामर्श सेवाको लागत अनुमानमा वढी दर रेट राखी भुक्तानी असुल भएको | २४३६० |
| ३ | १२२. | समपुरक अनुदान फिर्ता गरी भौचर पेश गरेको | २५५०० |
| | | जम्मा | ९२५६० |

२.  अद्यावधिक बेरुजू स्थिति २०७८।७९

रकम रु. हजारमा

| पालिकाको नाम | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| वरेङ गाउँपालिका | ४७६५४ | ० | ३ | ४७६५१ | ० | ९९८९ | ५७६४० |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : वरेङ गाउँपालिका, बागलुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Jit Bahadur Rana | २०७८-४-१० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Gokul Sharma | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ९,९८९,२७०.१ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ३,८५,६५,३१२.६७ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २७,०६,६८,२६३.५२ | **चालु खर्च** | २१,७४,७८,३९८.४ |
| **प्रदेश सरकारबाट अनुदान** | १,३०,४७,१२५.४१ | **पूँजीगत खर्च** | १२,३२,२७,६८६.१ |
| **राजश्व बाँडफाँट** | ५,५०,४२,२९४.४५ | **वित्तीय/अन्य व्यवस्था** | ८,८८,५०,६५५.१९ |
| **आन्तरिक आय** | २५,४९,९०९.४ | | |
| **अन्य आय** | ८,९७,२७,१२३.१५ | | |
| **कुल आय** | ४३,१०,३४,७१५.९३ | **कुल खर्च** | ४२,९५,५६,७३९.६९ |
| **बाँकी मौज्दात** | | ४,००,४३,२८८.९१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **लेखापरीक्षण**<br>लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ । | |
| २ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस वरेङ गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत५ वडा, २९ सभा सदस्य, ७५.२८वर्ग किलोमिटर क्षेत्रफल तथा १२ हजार जनसंख्या रहेको छ । | |
| ३ | | | **संचितकोष प्राप्ति र भुक्तानीः** यस वरेङ गाँउपालिकाको २०७८।७९ को सुत्र २७२ अनुसार वित्तीय विवरण देहाय बमोजिम रहेको छ । | |

| विवरण | टिप्पणी | यस वर्ष रु. . | | | गतवर्ष रु | | |
|---|---|---|---|---|---|---|---|
| बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | | ३७,९३,९४,६८५.८२ | ३४,६५,८२,२४३.७० | | ३४,६५,८२,२४३.७० | ३५,६५,०४,४८०.५७ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ० | ३७,१२,४१,९२० | ३४,१३,०७,५९२.८६ | ० | ३४,१३,०७,५९२.८६ | ३४,५८,२७,६९९.९३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see table below) | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११००० कर | ११ | ० | ५,९९,१०,००० | ५,५८,४१,८५५.५४ | ० | ५,५८,४१,८५५.५४ | ४,९७,६९,५०९.३० |
| १३००० अनुदान | | ० | ३०,९७,६६,००० | २८,३७,१५,३८९.०१ | ० | २८,३७,१५,३८९.०१ | २९,४७,६५,३८०.६३ |
| संघीय सरकार | १२ | ० | २९,१३,०३,००० | २७,०६,६८,२६३.५२ | ० | २७,०६,६८,२६३.५२ | २७,५६,७८,०७९.६३ |
| प्रदेश सरकार | १२ | ० | १,८४,६३,००० | १,३०,४७,१२५.४९ | ० | १,३०,४७,१२५.४९ | १,७४,८७,३०१ |
| अन्तरिक श्रोत | | ० | ० | ० | ० | ० | १६,००,००० |
| १४००० अन्य राजस्व | | | १५,६५,९२० | १७,५०,३४८.३१ | ० | १७,५०,३४८.३१ | १२,९२,८१० |
| ख. अन्य प्राप्ति | | ० | ८१,५२,७६५.८२ | ५२,७४,६५०.८४ | | ५२,७४,६५०.८४ | १,०६,७६,७८०.६४ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ० | ८१,५२,७६५.८२ | ४१,२५,०९२.८२ | ० | ४१,२५,०९२.८२ | १,०६,७६,७८०.६४ |
| धरौटी | | ० | ० | ११,४९,५५८.०२ | ० | ११,४९,५५८.०२ | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | | ४१,७८,४८,५२०.२६ | ३४,५१,८०,५२९.६६ | | ३४,५१,८०,५२९.६६ | ३३,०१,११,८८६.४९ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ० | ४०,९६,९५,७५४.४४ | ३३,९७,९१,०८४.८५ | | ३३,९७,९१,०८४.८५ | ३२,२९,२७,४५३.९९ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ० | १४,५८,९६,५०० | १३,५७,९०,१९०.४० | ० | १३,५७,९०,१९०.४० | ११,५९,५२,५५५.५२ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ० | १०,२४,६६,९४३ | ७,३६,३७,०६१.९२ | ० | ७,३६,३७,०६१.९२ | ८,२५,२६,६०२.५८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २५००० सहायता (Subsidy) | १८ | ० | १६,५०,००० | १६,१३,८६७ | ० | १६,१३,८६७ | २,३९,९७५ |
| २७००० सामाजिक सुरक्षा | १८ | ० | ६३,३७,००० | ४८,३४,२१३.४२ | ० | ४८,३४,२१३.४२ | ० |
| २८००० अन्य खर्च | १८ | ० | १४,३०,००० | ९,८८,०६६ | ० | ९,८८,०६६ | १४,७५,४८८ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | | १५,१९,१५,३११.४४ | १२,२९,२७,६८६.११ | ० | १२,२९,२७,६८६.११ | १२,२७,३२,८३२.८९ |
| घ. अन्य भूक्तानी | | ० | ८१,५२,७६५.८२ | ५३,८९,४४४.८१ | | ५३,८९,४४४.८१ | ३३,०१,११,८८६.४९ |
| कोषहरु | | ० | ८१,५२,७६५.८२ | २८,५८,५०४ | ० | २८,५८,५०४ | ७१,८४,४३२.५० |
| धरौटी | | ० | ० | २५,३०,९४०.८१ | ० | २५,३०,९४०.८१ | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | | (३,८४,५३,८३४.४४) | १४,०१,७१४.०४ | | १४,०१,७१४.०४ | २,६३,९२,५९४.०८ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | | ३,८५,१९,७५२.६८ | | ३,८५,१९,७५२.६८ | २,५९,९०,८७० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | (३,८४,५३,८३४.४४) | ३,९९,२१,४६६.७२ | | ३,९९,२१,४६६.७२ | ५,२३,८३,४६४.०८ |
| बैंक तथा नगद बाकी | २४ | | | ५,४३,२४,१४४.७१ | | ५,४३,२४,१४४.७१ | ४,२७,१२,३५४.२२ |

| | | | | |
|---|---|---|---|---|
| ४ | | | **वित्तीय विवरण** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा.नं. २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।<br>• स्थानिय तहले बिभाज्यकोषको खाता राखेकोमा विभाज्य कोषमा कुनै पनि रकम प्राप्त भएको देखिएन ।<br>• सुत्रले तयार गरेको म ले प फा न २७२ को संचित कोष प्राप्ती तर्फ रु ३४१३०७५१२।८६ रहेकोमा कोष तथा लेखानियन्त्रक कार्यालय वाट प्राप्त प्रमाणित आर्थिक विवरण अनुसार संघ तथा प्रदेश अनुदान रु २८३७१५३८९।०१ वाँडफाँट वाट प्राप्त रकम रु ५५०४२२९४।४५ र आन्तरिक आम्दानी रु २५४९९०९।४० समेत रु ३४१३०७५९२।८६ हुने देखिन्छ सोही अनुसार हिसाव समायोजन गरेको छ ।<br>• पालिकाको संचित कोषको भुक्तानी तर्फ रु ३३९७९१०८४।८५ मात्र देखिएकोमा उक्त रकममा सुत्र भन्दा वाहिर वाट कारोवारहरु नभएको हुँदा कुल खर्च समेत रु ३३९७९१०८४।८५ नै हुने देखिन्छ ।<br>• पालिकाले प्राप्ती तर्फ विविध कोष तथा आन्तरिक राजस्व खाताको सवै हिसाव म ले प फा न २७२ को अनुसुची १५ मा कारोवारहरु प्रविष्टी गरेकोले अन्य तर्फको प्राप्ती र भुक्तानी नभएको देखिन्छ ।<br>• गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार संचित कोषको मौज्दा रु.३२५४७५६७।२२ अ. ल्या गर्नुपर्नेमा त्यति नै अ.ल्या गरेकोले गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार नै हिसाव समायोजन गरी प्रस्तुत गरेको छ ।<br>• पालिकाले म ले प फा न २७२ को अनुसुची २४ संचित कोषमा जम्मा हुने बैंक बाँकी रु ३३८००५८६।८२ देखाएकोमा बैंक स्टेटमेन्ट अनुसार बैंक बाँकी रु.३४१८०१९७।४२ देखाएको छ । स्रेस्तामा भन्दो बैंकमा वढी देखिएको रु ३७९६१०।६० को सम्वन्धमा बैंक हिसाव समायोजन गरेको छ ।<br>• पालिकाको एकिकृत आर्थिक विवरण अनुसार मुलखाता ( संचित कोष खातामा ) यथार्थ बैंक मौज्दात रु.३४१५४६९७।४२ रहेको देखिन्छ भने बैंक स्टेटमेन्ट अनुसार बाँकी रु.३४१८०१९७।४२ देखिन्छ ।जस अनुसार रु. २५५००।०० फरक देखाएको छ । यस सम्वन्धमा रु. २५५००।०० अनुदान फिर्ता गर्ने कार्यालयको भनाई रहेको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेतापनि यस वाट प्राप्त वित्तिय प्रतिवेदनमा देहायको विवरण फरक परेकोले यसको वित्तीय प्रतिवेदनले आयव्ययको यथार्थता चित्रण गर्दैन।
<table>
<tr><th>विवरण</th><th>स्रेस्ता अनुसार</th><th>मलेप फा.न २७२ अनुसार</th><th>फरक रकम</th></tr>
<tr><td>गत वर्षको जिम्मेवारि</td><td>३२५४७५६७।२२</td><td>३८५१९७५२।६८</td><td>५९७२१८५।४६</td></tr>
<tr><td>संचित कोष खाता</td><td>३४१८०१९७।४२</td><td>३३८००५८६।८२</td><td>३७९६१०।६०</td></tr>
<tr><td>धरौटी</td><td>४५९६८०२।६७</td><td>४५९६८०२।६७</td><td>०।००</td></tr>
<tr><td>आन्तरिक आय</td><td>२५४९९०९।४०</td><td>२५४९९०९।४०</td><td>०।००</td></tr>
<tr><td>कोष ( प्रकोप व्यवस्थापन )</td><td>१०२२०६४।५२</td><td>१०१८१५९।३२</td><td>३९०५।२०</td></tr>
<tr><td>विविध खर्च खाता</td><td>२४४२२४।३०</td><td>२४८४२९।५०</td><td>४२०५।२०</td></tr>
</table>
त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.२</td><td></td><td></td><td>खर्च बिश्लेषणः पालिकाले यसबर्ष गत वर्षको मौज्दात रु. ३२५४७५६७।२२, कुल आन्तिरक आयबाट रु २५४९९०२.४०, राजस्व बाँडफाँड रु. ५५०४१२९४।४५ र अनुदानबाट रु. २८३७१५३८९।०१ समेत रु ३४१३०७५९२।८६ आम्दानी भएकोमा चालु तर्फ रु. २१६८६३३९८।७४ र पूँजिगत तर्फ रु १२२९२७६८६।९१ र बित्तिय ब्यबस्था तर्फ रु ० समेत रु. ३३९७९१०८४।८५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.७५ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु .५८६८०००।०० खर्च भएको छ जुन आन्तरिक आयको १३०.१२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८४.१३ प्रतिशत चालु र ८०.९२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम</td><td></td></tr>
<tr><td>५.१</td><td></td><td></td><td>योजना र कार्यान्वयनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन ।
<table>
<tr><th>क सं</th><th>विवरण</th><th>योजना संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रु १ लाख भन्दा कमका योजना</td><td>५</td><td>२७००००</td></tr>
<tr><td>२</td><td>रु एक लाख एक देखि पाँच लाख सम्मका योजना</td><td>९१</td><td>२१५९००००</td></tr>
<tr><td>३</td><td>रु ५ लाख एक देखि १० लाख सम्मका योजना</td><td>२६</td><td>१६५५००००</td></tr>
<tr><td>४</td><td>दश लाख एक देखि २० लाख सम्मका योजना</td><td>१५</td><td>१९३५००००</td></tr>
<tr><td>५</td><td>२५ लाख भन्दा माथिका योजनाहरु</td><td>१०</td><td>७१२०००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५.२</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्च- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>वजेट मध्ये खर्च प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>३२६८५</td><td>२६५६२</td><td>८१.२७</td></tr>
<tr><td>सामाजिक विकास</td><td>२२५७७७</td><td>१९२२५२</td><td>८५.१५</td></tr>
<tr><td>पूर्वाधार विकास</td><td>१०९५४०</td><td>८७३९५</td><td>७९.७८</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (continued table below) | |

| | | | |
|---|---|---|---|
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २४३६ | २३५० | ९६.४६ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ३९२५७ | ३१२३२ | ७९.५६ |
| जम्मा | ४०९६९५ | ३३९७९१ | ८२.९३ |

५.३ चौमासिक पूँजीगत खर्च - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण वनाई केन्द्रिय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने केन्द्रिय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाको सुत्र सफ्टवेयरवाट त्रैमासिक प्रतिवेदन प्राप्त नहुने हुँदा सुत्रमा उपलव्ध हुने चौमासिक विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। जसअनुसार पुजीगत खर्चमध्ये तेश्रो चौमासीकमा मात्र कुल खर्चको ६०.६४ प्रतिशत खर्च भएको देखिन्छ भने आषाढ महिनामा मात्र २५.४५ प्रतिशत खर्च भएको छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासीक तथा आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| क स | पुँजिगत खर्च शिर्षक | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको खर्च (रु हजारमा) |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| कुल खर्च | १२२९२७ | ४७१३ | ४३८८५ | ७४३२९ | ३८६६५ |
| खर्च प्रतिशत | १०० | ३.८४ | ३५.७ | ६०.६४ | २५.४५ |

५.४ **वजेट पेस, पारित र अख्तियारी** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले मिति २०७८।३।४ गते रु.३७ करोड ३४ लाख ४७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०३।१२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

६ **आन्तरिक नियन्त्रण प्रणाली**

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्ने व्यवस्था रहेकोमा तोकेको पाइएन ।<br>• स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू— जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।<br>• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५ क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ (२) ख वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म २१ ऐन, ८ नियमावली, २२ कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा विनियोजन हुन सक्ने देखिएको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ३ को दफा १२.५ मा एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकामा लगातार एक वर्षसम्म खाता निष्क्रिय भएमा लगत कट्टा गर्ने व्यवस्था रहेकोमा कार्यालयले लगत कट्टाको विवरण नराखेको साथै बैंक बाट निष्क्रिय खाताको विवरण माग गरी लगतको अद्यावधिक नगरेको, जसवाट निष्क्रिय भएका लाभग्राहिलाई समेत भत्ता जाने जोखिम देखिएको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (घ) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको,<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>• स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,<br>• निर्माण कार्यको रनिङ विल उठाउदा म.लेप.फा.नं. प्रयोगमा नल्याएको, जसले गर्दा पहिला कति कार्य गरियो, हालको काम कति हो, उक्त काममा उपभोक्ताको काम कति हुने हो र कति भयो, कार्यालयले भुक्तानी गर्नेमध्ये कर कति हो, मुअकर तथा धरौटी कट्टी कति हुने हो तथा पेश्की बाँकी भए कति कट्टा गरेको हो उक्त व्यहोरा नखुलेको हुदा सुधार गर्नुपर्ने देखिएको,निर्माण सम्वन्धी अभिलेख खाता नराखेको ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।<br><br>**सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा नगरपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ। गाउँपालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता ४४२,मृत्यु दर्ता १५७ ,विवाह १६१ , सम्वन्ध विच्छेद ८ र बसाईसराई ८१ गरी ८४९ दर्ता तथा सिफारिस गरेको पाईयो ।पालिकाले अन्य सिफारिस समेत गरेको भनिएकोमा कुन कुन हो भनी एकिन गरी नपठाएकोले पंञ्जीकरणबाट यथार्थ विवरण प्राप्त नभएकोले पालिकाले पञ्जिकरण दर्ता तथा सिफारिस सम्वन्धमा व्यवस्थित अभिलेख राखेको पाइएन। पालिकाले ऐन वमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ।<br>**नक्सा पासः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम गाँउपालिका क्षेत्रमा नक्शा पास नगराइ घर निर्माण गर्न नपाइने व्यवस्था उल्लेख छ ।गाँउपालिकामा यस वर्ष कुनै पनि भवन निर्माण अनुमति दिएको देखिएन ।गाँउपालिकाले क्षेत्र भित्र रहेको घरहरुको नक्शाङकन गर्ने, नयाँ निर्माणाधीन भवनहरुको निगरानी र अनुगमन वढाइ नक्शा पास गराउन प्रोत्साहित गरी गाँउपालकाको राजस्व वृद्धि गर्ने तर्फ आवश्यक पहल गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **नीति तथा कार्यक्रमको कार्यान्वयन स्थिति** : निकायको आ.व. २०७८।०७९ को नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यक्रम मध्ये कति उद्धेश्य पूरा भयो वा प्रगति प्राप्ति भयो र कुन कुन कार्यक्रम पूरा भएका छैनन भनी विश्लेषण गरेको छैन । नीति तथा कार्यक्रम र वजेटमा उल्लेखित व्यहोराको कार्यान्वयन सम्बन्धमा प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।<br>**अनुगमन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु.१७६५१४६।०० खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ । | |
| ७ | | | **कानून निर्माण एवं कार्यान्वयन** | |
| ७.१ | | | **न्यायिक सेवा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार अघिल्लो वर्षको २ अल्या भएको र यो बर्ष थप भएको ४ विवाद दर्ता भएकोमा ६ वटै फछ्र्यौट भएको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाएको छ । | |
| ७.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ वटा ऐन, ६ वटा नियमावली, कार्यविधि ४७ वटा निर्देशिका लगायत ५९ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| ८ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भए पछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ । गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अनुसार कुल दरबन्दी संख्या ८३ जना रहेकोमा ६३ जना स्थायी तथा करारमा पदपुर्ति भएको र बाँकी २० स्थायी दरबन्दी रिक्त रहेको देखिन्छ । यसले गर्दा गाउँपालिकाको कार्यसम्पादन र सेवा प्रवाहमा असर पर्ने भएकोले यथाशीघ्र स्थायी पदपुर्ति गर्ने तर्फ कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ९ | | | **आर्थिक सहायता तथा अनुत्पादक खर्च**<br>**अनुत्पादक तथा वितरणमुखी खर्चः** सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाको समानीकरण चालुतर्फको नमुना छनौटको आधारमा केही भौचरहरुको परीक्षण गर्दा देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु. २ लाख १० हजार खर्च गरेको देखिन्छ।यसरी हुने खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |

| गो भौ न र मिति | कार्यक्रम तथा भुक्तानी पाउने संस्थाको नाम | रकम |
|---|---|---|
| १७।२०७८।१२।१४ | मगर मुक्ति मोर्चा | २५००० |
| २२।२०७९।१।५ | झरना युवा क्लव चन्द्रकोट | २०००० |
| २३।०७९।१।९ | मगर पोशाक संरक्षण | १००००० |
| २९।०७९।२।१५ | वरेङ व्याडमिन्टन एशोसियसन | ५०००० |
| २४।०७९।१।११ | भैगलापुर युवा विकास केन्द्र | १५००० |
| जम्मा | | २१०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **आर्थिक सहायता र अन्य विविध खर्च** | |
| १०.१ | | | **आर्थिक सहायता** :सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ ।पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन।उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ। पालिलकाको समानिकरण चालु तर्फको लेखापरीक्षण छनौटमा परेका केही भौचरको परीक्षण गर्दा चालु आ.व. मा विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको आर्थिक सहायता केही उदाहरण यस प्रकार छन् । | |

| गो भौ न र मिति | आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको नाम | सहायता रकम |
|---|---|---|
| ५।२०७८।६।१८ | स्वतन्त्र विद्यार्थी युनियन | १०००० |
| ११।०७८।७।८ | ईलाका प्रहरी कार्यालय | १०००० |
| २९।०७८।७।१७ | काशिराज पौडेल प्रोजेक्ट वर्क | ८००० |
| ६१।२०७८।९।१४ | नेपाल निजामती कर्मचारी युनियन | १०००० |
| १२५।०७८।१२।१४ | जन पत्रकार संगठन नेपाल | १०००० |
| १२६।०७८।१२।१४ | स्वास्थ्य प्राविधिक संघ | १५००० |
| ११६।०७८।१२।७ | कृष्ण प्रसाद शर्मा औषधी उपचार | १५००० |
| जम्मा | | ७८००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
